जि.प्र.का. सप्तरी द.नं. ३२/०४८/०४९

# राजविराज दैनिक

स.जि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३० अंक १७ २०७७ साल साउन २२ गते बिहीबार (6 Aug 2020 Thursday) मूल्य रु. ५/-

**२०७५ साल भदौ १ गते देखि लागू भएको अपराध संहितामा रहेका मुख्य व्यवस्थाहरु**

- घर निर्माण गर्दा, भत्काउँदा वा मर्मत गर्दा लापरवाही गर्नेलाई एक वर्षसम्म कैद वा दश हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुने,
- निर्माणको काम गर्दा निर्धारित मापदण्ड वा गुणस्तरको माल प्रयोग नगरेमा वा मालको परिमाण घटीबढी पार्नेलाई दश वर्षसम्म कैद र एक लाख रुपैयाँसम्म जरिबाना हुने,
- आपूर्तिको काम गर्दा कमसल वा घटी परिमाणमा माल, वस्तु वा सेवा आपूर्ति गर्नेलाई पाँच वर्षसम्म कैद र पचास हजार रुपैयाँसम्म जरिबाना हुने ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

**Log on : rajbirajdainik.com.np**

*यस अंक भित्र :* २ पृष्ठमा : संघीय निजामती सेवा ऐन :... ३ पृष्ठमा : प्रदेश नं २ का एकपछि. ३ पृष्ठमा : लेबनानमा एक सयभन्दा ...

## कोरोनासँग मिल्दोजुल्दो लक्षण देखिएका सप्तरीका तीन जनाको एकै दिन मृत्यु

**दैनिक समाचारदाता**
**राजविराज, २१ साउन ।**

सप्तरीमा कोरोना भाइरससँग मिल्दोजुल्दो लक्षण देखिएका तीन जनाको मंगलबार राती मृत्यु भएको छ ।

दुई जनाको उपचारका क्रममा तथा एक जनाको उपचारका लागि लैजादै गर्दा मृत्यु भएको जिल्ला स्वास्थ्य कार्यालय सप्तरीले जनाएको छ ।

मृत्यु हुनेहरुमा सप्तरीको रुपनी गाउँपालिका ५ का ४५ वर्षिय बिन्देश्वर साह, डाक्नेश्वरी नगरपालिका ९ का ७१ वर्षिय मंगलु खंग र राजगढ गाउँपालिका ६ का ८२ वर्षिय बच्चालाल सुतिहार रहेका छन् ।

राजविराजस्थित छिन्नमस्ता अस्पतालमा उपचारका लागि भर्ना भएका दुई तथा उपचारका लागि धरानस्थित विपी कोइराला स्वास्थ्य बिज्ञान प्रतिष्ठान लैजादै गर्दा एक जना गरि तीन जनाको मृत्यु भएको जिल्ला स्वास्थ्य कार्यालयका प्रमुख दुनियालाल यादवले जानकारी दिए ।

मृतक मध्येका रुपनी गाउँपालिकाका साहलाई अत्याधिक ज्वरो र स्वाशप्रश्वासमा समस्या देखिएपछि आफन्तले उपचारका लागि धरानस्थित विपि कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान लगेका थिए । तर, अस्पताल परिसरमा प्रवेश लगत्तै उनको मृत्यु भएको र बुधबार बिहान घरमा ल्याई आफन्तले अन्तिम संस्कारका लागि लैजादै गर्दा प्रहरीलाई खबर गरिएको रुपनी गाउँपालिकाका अध्यक्ष हरेराम यादवले बताए ।

यस्तै छिन्नमस्ता अस्पतालमा भर्ना भएका दुई जनालाई पनि ज्वरो, स्वाशप्रश्वासको समस्या र उच्च रक्तचापको समस्या देखिएको तथा उपचारकै क्रममा मंगलबार राती १ बजेतिर मृत्यु भएको सो अस्पतालले जनाएको छ ।

यता कोरोना भाइरससँग मिल्दोजुल्दो लक्षण देखिएका तीनै जनाको पिसिआर परिक्षण नगरेको पाइएको जिल्ला स्वास्थ्य कार्यालयका प्रमुख यादवले बताए ।

मृतक तीनै जनाको स्वाब संकलन गरि राजविराजस्थित गजेन्द्र नारायण सिंह अस्पतालको पिसिआर प्रयोगशालामा परिक्षणको काम सुरु गरिएको अस्पतालका प्रमुख डा. रन्जित झाले जानकारी दिए । उनले तीनै जनाको स्वाब परिक्षणलाई पहिलो प्राथमिकतामा राखिएको बताए ।

मृतकहरुको सम्पर्कमा रहेका व्यक्ति, उपचारमा संलग्न चिकित्सक र स्वास्थ्यकर्मी सबै स्वाब परिक्षणको नतिजा कस्तो आउने हो भनी प्रतिक्षारत रहेका छन् ।

## ट्र्याक्टरको ठक्करबाट मोटरसाइकल चालकको मृत्यु

**दैनिक समाचारदाता**
**सिरहा, २१ साउन ।**

पूर्वपश्चिम राजमार्गअन्तर्गत सिरहाको कर्जन्हा नगरपालिका-४ बस्तीपुरमा ट्र्याक्टरले मोटरसाइकललाई ठक्कर दिँदा मोटरसाइकल चालकको मृत्यु भएको छ ।

पश्चिमबाट पूर्वतर्फ जाँदै गरेको स१त ७४०२ नंको ट्र्याक्टरले विपरीत दिशाबाट आउँदै गरेको स४प ७२१० नंको मोटरसाइकललाई ठक्कर दिँदा मोटरसाइकल चालक मिर्चैया नगरपालिका ३ निवासी २१ वर्षीय देविन्द्र यादवको मृत्यु भएको प्रहरीले जनाएको छ ।

दुर्घटनामा परी गम्भीर घाइते चालक यादवलाई उपचारका लागि कर्जन्हास्थित फूलकुमारी मेमोरियल अस्पताल लैजाने क्रममा मृत्यु भएको प्रहरीले जनाएको छ ।

सोही दुर्घटनामा परी मोटरसाइकमा पछाडि सवार धनुषाको धनुषाधाम निवासी २३ वर्षीय बालकृष्ण यादव घाइते हुनुभएको थियो । उहाँको स्थानीय अस्पतालमा उपचार भइरहेको इलाका प्रहरी कार्यालय बन्दीपुरले जनाएको छ ।




## संक्रमितद्वारा खाना राम्रो नभएको भन्दै खाना बहिष्कार

**दैनिक समाचारदाता**
**राजविराज, २१ साउन ।**

राजविराजस्थित साईकृष्णा मेडिकल कलेजभित्र रहेको आइसोलेशन सेन्टरमा रहेका संक्रमितले खाना र खाजा राम्रो नभएको भन्दै खाना बहिष्कार गरेका छन् ।

एक सय ७८ बेडको आइसोलेशन कक्ष रहेको सो कलेजमा खाना र खाजा राम्रो नभएको भन्दै भर्ना रहेका संक्रमितहरुले मंगलबार बिहान बिरोध जनाउँदै खाना बहिष्कार गरेका थिए ।

हाल सो आइसोलेशनमा १ सय ३१ जना संक्रमित भर्ना रहेका छन् । आइसोलेशनमा दिने गरिएको खाना र खाजा गुणस्तरहिन रहेको र यसबारे व्यवस्थापन पक्षलाई पटक पटक भन्दा पनि सुधारको संकेत नदेखिदा बाध्य भएर खाना बहिष्कार गरेको एक संक्रमितले बताए ।

यता आइसोलेशनमा खटेका कर्मचारी, स्वास्थ्यकर्मी तथा खाना पकाउने भान्सेले आफूहरुमाथी केही संक्रमितहरुद्वारा विभिन्न बखेडा झिकेर विभिन्न आरोप लगाउँने तथा अभद्र व्यवहार गर्ने गरेको भन्दै आइन्दा आइसोलेशनमा काम नगर्ने अडान लिएका थिए ।

अवस्था जटिल बन्दै गएपछि दिउँसो ३ बजेतिर राजविराज नगरपालिकाका प्रमुख शम्भुप्रसाद यादव, पत्रकार महासंघका केन्द्रिय सदस्य अवधेश झा लगायतका टोली आइसोलेशनमा गएर दुबै पक्षबीच सहमति गराएका छन् । संक्रमितको जायज माँगलाई सम्बोधन गर्ने तथा आइसोलेशनमा खटिएका कर्मचारी, स्वास्थ्यकर्मी तथा कामदारहरुप्रति संक्रमितले सम्मानजनक व्यवहार गर्ने प्रतिबद्धा आएपछि सहमति बनेको नगरप्रमुख यादवले बताए ।

यता गजेन्द्र नारायण सिंह अस्पतालका प्रमुख तथा आइसोलेशन व्यवस्थापन समितिका अध्यक्ष डा. रन्जित झाले १ सय ८१ रुँपैया प्रति छाकका दरले खानाको बजेट उपलब्ध रहेकोमा सोही परिधी भित्र रही स्तरिय खानाको व्यवस्था गरेको बताएका छन् । खानाको गुणस्तर ठिक रहेको दाबीका साथ उनले केही संक्रमितले बाहिरबाट खाना मगाउन खोजेको र यसरी बाहिरबाट खाना मगाउन छुट दिँदा सोही भित्र लुकाएर चुरोट, खैनी र गुटका लगायतका बस्तु भित्राउन थालेपछि कडाई गरिएको बताए ।

बाहिरबाट सामान आउन रोकिएपछि सोही निहुँमा केही संक्रमितले बखेडा झिकेको उनको भनाई छ । उनले आइसोलेशनमा निगरानीका लागि जडान गरिएका मध्ये ३ वटा सिसी क्यामरा समेत दुई/तीन जना संक्रमितले गलत नियतले फुटाइदिएको जानकारी दिदै त्यस्ता व्यक्तिका कारण त्यहा खटिएका स्वास्थ्यकर्मी र कर्मचारी समेत तनावमा परेको बताए ।

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनुका साथै स्वदेश भित्र जुनसुकै ठाउँमा रकम पठाउनका लागि सम्झनुहोस् । हाम्रो सेवाहरु →

जनज्योति कृषि सहकारी संस्था लि.
राजविराज ९, मलेठ, सप्तरी
मोबाइल नं. ९८०१५४९६०१, ६०२, ६०३, ६०४

ipay remit · WESTERN UNION MONEY TRANSFER · Best Remit Quick & Easy · PRABHU Money Transfer · CITY EXPRESS · IME International Money Express · IME pay wallet · himal remit हिमालरेमिट · CG Money · MoneyGram money transfer

## इनरुवामा २६ गतेसम्म पूर्ण लकडाउन

इनरुवा, २१ साउन (रासस)।

सुनसरी सदरमुकामसमेत रहेको इनरुवा नगरपालिकाले साउन २६ गतेसम्मका लागि बजार क्षेत्र पूर्णरुपमा लकडाउन गर्ने निर्णय गरेको छ।

मंगलबार बसेको सरोकारवालासँगको बैठकले कोरोना भाइरसको सङ्क्रमण समुदायस्तरमा फैलिएका कारणले २६ गते सोमबारसम्म बजार क्षेत्रमा पूर्णरुपले लकडाउने गर्ने निर्णय गरेको हो। इनरुवा-१ का एक जनामा कोरोना भाइरस पोजेटिभ भेटिएपछि त्यसलाई नियन्त्रण गर्न र अन्य व्यक्तिमा सङ्क्रमण फैलिन नदिनका लागि बजार क्षेत्रका अतिआवश्यक सेवाबाहेक सबै सेवा बन्द गर्ने निर्णय गरेको इनरुवा नगरपालिकाका प्रमुख राजन मेहताले जानकारी दिनुभयो।

नगरपालिकाले बजार क्षेत्रभित्र रहेका सम्पूर्ण पसल, होटल, सार्वजनिक यातातायात, सिटी सफारी, टेम्पोलगायतका सम्पूर्ण सेवा बन्द गर्ने निर्णय गरेको नगरप्रमुख मेहताले बताउनुभयो

त्यसैगरी नगर क्षेत्रमा रहेका कृषि विकास र राष्ट्रिय वाणिज्य बैंकबाहेकका सबै बैंक तथा वित्तीय संस्था, नगरपालिका र वडा कार्यालयबाट प्रवाह हुने सम्पूर्ण सेवासमेत अर्को सूचना जारी नहुञ्जेलसम्मका लागि बन्द गर्ने निर्णय गरेको नगरप्रमुख मेहताले जानकारी दिनुभयो।

सङ्क्रमण भेटिएका एक जना व्यापारीको क्लोज कन्ट्रयाक्टमा आएका ६५ जनाको बुधबार स्वाब सङ्कलन गर्ने, इनरुवाका १० वटै वडाबाट प्रतिवडा ५० जनाको दरले स्वाब सङ्कलन गरेर परीक्षणका लागि पठाइने, पिसिआर परीक्षणको दायरा बढाउने निर्णय भएको नगरपालिकाका स्वास्थ्य शाखाका मिश्रीलाल मेहताले बताउनुभयो।

नगरपालिकाको निर्णयलाई उल्लङ्घन गरेको पाइएमा सिधै क्वारेन्टिइनमा त्यस्ता व्यक्तिलाई राख्नेसमेत नगरपालिकाले जनाएको छ।

## सिरहामा एक हजार १४७ नयाँ उद्योग दर्ता

लहान, २१ साउन (रासस)।

सिरहामा आर्थिक वर्ष २०७६/७७ मा लकडाउनका बाबजुत एक हजार १४७ नयाँ उद्योग दर्ता भएको छ। नयाँ दर्ता भएको एक हजार १४७ उद्योगमध्ये सेवा उद्योगतर्फ ५३०, कृषि तथा वन्यजन्यतर्फ ४९० र उत्पादन उद्योगतर्फ १२७ वटा रहेको घरेलु तथा साना उद्योग कार्यालय लहान सिरहाले जनाएको छ।

कृषि तथा वनजन्यतर्फ पशु, माछा तथा कृषि उद्योग ४१७ वटा, पशुपालनका ४० तथा कुखुरापालनका १५ वटा नयाँ उद्योग दर्ता भएको छ। सेवा उद्योगतर्फ होटल १०१, निर्माणका ५९, ढुवानीका ५५ वटा उद्योग

*बाँकी अन्तिम पृष्ठमा*


डा. ललन प्रसाद रौनियार

**Dr. Lalan Prasad Rauniyar**

MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338

कन्सलटेन्ट बाल रोग विशेषज्ञ

गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज

Mo. No : 9842830252, 9804605569

डा. दिनेश उप्रेती

**Dr. Dinesh Upreti**

MBBS, MD Internal Medicine (BPKIHS, Dharan), NMC Reg. No. : 13141

कन्सलटेन्ट फिजिसियन

गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज

Mo. No : 9842830252, 9804605569

डा. पारसमणि शाह

**Dr. Parasmani Shah**

MBBS (BPKIHS), MD (BPKIHS, Dharan)

NMC Reg. No. : 13297

दुखाई विशेषज्ञ

Anaesthesiology & Critical Care Medicine

गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज

Mo. No : 9842830252, 9804605569


# संघीय निजामती सेवा ऐन : कर्मचारीको मनोवल खसाउने ऐन




भुवनेश्वर चौधरी

संघीय संसदको राज्य व्यवस्था तथा सुशासन समितिले असार १५ गते बहुमतले पारित गरेको संघीय निजामती सेवा ऐन जुन पारित गरेको छ त्यो त्यसले कर्मचारीहरुको मनोवल गिराउने, वृत्ति विकास रोक्ने र ट्रेड युनियनको अधिकार रोक्ने खालको छ। कर्मचारीको मनोवल खसाउने र कुण्ठित पार्ने ऐन राज्य व्यवस्था समितिले बहुमतको नाममा पास गरेको छ। यस्तो ऐनप्रति हामी सम्पूर्ण ट्रेड युनियनकर्मीहरु दुःखित छौं। सो ऐनप्रति विभागीय मन्त्रालय संसीय मामिला तथा सामान्य प्रशासनमन्त्री हृदयेश त्रिपाठीले पनि आपत्ति जनाइसक्नुभएको छ। सामान्य प्रशासनमन्त्री हृदयेश त्रिपाठीले 'संघीय निजामती सेवाको गठन, सञ्चालन र सेवाका शर्त सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक' सम्बन्धि राज्यव्यवस्था तथा सुशासन समितिबाट पारित प्रतिवेदनले कर्मचारी संयन्त्रलाई क्षतविक्षत बनाउने भन्दै आफूले स्वीकार नगर्ने घोषणा समेत गरिसक्नुभएको छ।

संघिय निजामति सेवा ऐनको विधेयक २०७५ लामो समय देखी संसदको राज्य व्यवस्था तथा सुशासन समितिमा छलफलको क्रममा रहेको थियो। ऐनमा समेटिनु पर्ने विषयहरुका सन्दर्भमा निजामति क्षेत्रका क्रियाशिल राष्ट्रियस्तरका ट्रेड युनियनहरुका सरोकारका विषयमा पटक पटक सुझाव प्रस्तुत गर्दै आएको कुरा सवैलाई जानकारी गराउन चाहान्छौ।कर्मचारी संग सम्बन्धित विषयमा प्रमुख सरोकारित पक्ष आधिकारीक ट्रेड युनियन र राष्ट्रियस्तरका ट्रेड युनियन बीच गहन छलफल तथा परामर्श हनु पर्नेमा राज्य व्यवस्था तथा सशासन समिति द्वारा निजामति कर्मचारीहरुले उपभोग गर्दै आएको ट्रेड युनियन अधिकार लगायत कर्मचारीका वृत्ति विकासका सेवा सुविधाहरुलाई कुण्ठीत गर्दै यसको अस्तित्वनै समाप्त पार्नेगरी संविधानको धारा३४ (३) र श्रम ऐन २०७४ को दफा १८० उपदफा १(ख) को विरुद्धहुने गरि संघिय निजामती सेवा ऐन को विधेयक संसदको राज्य व्यवस्था तथा शुसाशन समिति बाट २०७७।३।१५ को बैठक बाट ट्रेडयुनियनका रचनात्मक सुझाव सल्लाहलाइ वेवास्था गर्दै आम सहमति बेगर संसदिय मुल्य मान्यता विपरित समितिमा रहेका सदस्यहरुको लिखित असहमति रहँदा रहँदै बहमतको नाममा गणपुरक संख्या नरहेको अबस्थामा जबरजस्त प्रतिवेदन पारित गरेको निर्णय प्रति असहमति जनाउदै यस जिल्ला स्थित हामी क्रियासिल ट्रेड युनियनहरु खेद व्यक्त गर्दछौं।

आम निजामती कर्मचारी हरुको आत्मसम्मान र काम प्रतिको मनोबल गिर्ने गरि राज्य व्यवस्था तथा सुशासन समिति बाट आएको बिधेयकको प्रतिबेदन प्रति सम्पुर्ण राष्ट्रसेवक निजामति कर्मचारीहरुले असहमति प्रकट गर्दै निजामति प्रशासनको अस्तित्व र साख रक्षाको लागि निजामती कर्मचारी हरुको आधिकारीक ट्रेडयुनियन केन्द्रिय कार्यसमिति द्वारा २०७७।४।१६ को जारी प्रेस विज्ञप्ती मार्फत चरण बद्धरुपमा आन्दोलनका कायक्रम सार्वजनिक भएको व्यहोरा अबगत गराउँदै यस जिल्लामा आधिकारीक ट्रेडयुनियन बर्दियाको अगुवाईमा आन्दोलनका कार्यक्रम रहेको हुँदा उक्त आन्दोलनलाई सफल र निष्कर्षमा पुर्याउन बर्दिया जिल्ला स्थित सम्पुर्ण राष्ट्रसेवक निजामती कर्मचारीहरुलाइ सहभागी भइदिन हार्दिक अपिल गर्दछौं।

प्राप्त अधिकारको रक्षा र थप उपलब्धी संस्थागत प्रक्रियाबाट मात्र संभव छ। संघिय निजामती सेवा ऐनको विधेयकका विषयमा विभिन्न श्रेणी र पदहरुमा कार्यरत निजामती कर्मचारी हरुले दवाब समुह मार्फत अगाडि बढाईएका विषयहरु राष्ट्रिय स्तरका ट्रेडयुनियनहरुले उठाइरहेका विषयहरु हुन तसर्थ सबै समस्याको समाधान राष्ट्रिय स्तरका ट्रेडयुनियन र आधिकारिक ट्रेड यूनियन मार्फत खोज्न सम्पुर्ण निजामति कर्मचारीहरुलाई हार्दिक अपिल गर्दछौं। राज्य व्यवस्था तथा सुशासन समितिले पास गरेको आम निजामति कर्चारी विरोधि दफाहरुलाई तत्काल हटाई तपशिल वमोजिमका सुझावहरुलाई समावेश गरी संघिय निजामति सेवा ऐन जारी गर्न नेपाल सरकार संग हार्दिक अनुरोध गर्दछौ।

लोकतन्त्र प्राप्तिकालागि कर्मचारीहरुले गरेको योगदान र राजनितिक सहमतिवाट प्राप्त निजामति सेवा ऐन २०४९ (संशोधन २०६४) मा भएको राष्ट्रिय स्तरका ट्रेड यूनियन र आधिकारिक ट्रेड यूनियनको व्यवस्था, ट्रेड यूनियनको सामुहिक सौदावाजी र सामाजिक सम्वादगर्न पाउने प्रावधान सहितको ट्रेड यूनियन अधिकार यथावत कायमगरी संघ, प्रदेश र स्थानिय तह विच ट्रेड यूनियनको अन्तर सम्बन्ध कायम हुने व्यवस्था हुनुपर्नेछ। निजामति कर्मचारीहरुको परिभाषामा संघिय कानुन बमोजिम प्रदेश र स्थानिय तहमा समायोजन भएका राष्ट्रिय किताबखानाबाट संकेत नं प्राप्त गरेका कर्मचारीहरुलाई समेटिनुपर्ने हाम्रो माग हो।

निजामति सेवामा श्रेणी विहिन देखि रा प द्वितिय श्रेणीका कर्मचारीहरुको जेष्ठता र कार्य क्षमताका आधारमा हने वढुवालाई निजामति सेवा ऐन २०४९ वमोजिम कायम गर्ने र सवै श्रेणी र पदमा आन्तरिक प्रतियोगितावाट प्रतिस्प्रधा गर्न पाउनुपर्ने व्यवस्था हुनुपर्ने नयाँ ऐनमा राखिनुपर्छ। निजामति सेवाको पदमा वाहल रहेका कर्मचारीलाई संघिय निजामति सेवाको पदमा प्रतिस्प्रधा गर्दा उमेरको हद नलाग्ने साविकको व्यवस्था यथावत कायम गरिनुपर्छ। कर्मचारी सरुवा प्रणालीलाई स्वचालित चक्रिय र पुर्वाअनुमान योग्य बनाउनुपर्ने आजको आवश्यकता हो। प्रदेश र स्थानीय तहमा समायोजन भएका निजामति कर्मचारीहरुलाई निश्चित समय पश्चात प्रदेश वा संघमा सरुवा हुने व्यवस्था हुनुपर्छ। (चौधरी नेपाल मधेशी निजामती कर्मचारी मञ्चका केन्द्रीय अध्यक्ष हुन्।) *(मधेश दर्पण फिचर सेवा)*

# सरकारी कर्मचारीको कोरोना बीमा शुरु

काठमाडौँ, २१ साउन (रासस)।

बीमा समितिले सरकारी कर्मचारीलाई निःशुल्क कोरोना बीमा गर्ने कार्यक्रमको औपचारिक सुरुवात गरेको छ। आर्थिक वर्ष २०७७/०७८ को बजेटको बुँदा नं ५५ र २८५ को कोरोना बीमासम्बन्धी व्यवस्थालाई कार्यान्वयन गर्दै समितिले सरकारी कर्मचारीको निःशुल्क बीमा गर्ने व्यवस्था कार्यान्वयनमा ल्याएको हो।

समितिले बुधबार पत्रकार सम्मेलन गरी सरकारी कर्मचारीको सामूहिक कोरोना बीमा गर्दा नेपाल सरकारले शतप्रतिशत अनुदान उपलब्ध गराउने बताएको हो। समितिका अध्यक्ष चिरन्जीवी चापागाईंले सरकारी कर्मचारीको निःशुल्क सामूहिक बीमा गर्ने सम्बन्धमा बजेटले व्यवस्था गरेको कार्यक्रमलाई कार्यान्वयनमा ल्याइएको जानकारी दिनुभयो। उहाँले नागरिकले आफ्नो परिवारको सामूहिक बीमा गर्दा ५० प्रतिशत अनुदान पाउने व्यवस्थालाई पनि कार्यान्वयनमा ल्याइएको बताउनुभयो। परिवारका सबै सदस्यको सामूहिक बीमा गरे मात्रै उक्त अनुदान पाउने अध्यक्ष चापागाईंले बताउनुभयो।

यस्तो बीमालेखको अवधि २०७८ असार मसान्त सम्म मात्र हुने छ। बीमालेख खरिद गर्न नेपाली नागरिक हुनुपर्ने, भारत वा तेस्रो मुलुकबाट नेपाल फर्केको भएमा १५ दिन अनिवार्य क्वारेन्टाइनमा बसेको र थप १५ दिन आफ्नो परिवारसँग गरी कुल ३० दिन बसेको सम्बन्धित स्थानीय तहले प्रमाणित गरेको हुनुपर्ने छ।

त्यस्तै सामूहिक कोरोना बीमाका लागि एकाघर परिवारका सदस्य उल्लेख गरिएको स्वघोषणासहित सम्बन्धित स्थानीय तहले प्रमाणित गरेको कागजात पेश गर्नुपर्ने व्यवस्थासमेत गरिएको छ। अनुदान प्राप्त गर्न समितिबाट जारी गरिएको कोरोना बीमा मापदण्ड, २०७७ मा तोकिएबमोजिमका जोखिमाङ्कन व्यवस्थासम्बन्धी कागजात, एकाघर परिवारका सम्पूर्ण सदस्यहरुको सामूहिक बीमा गरिएको स्वघोषणा एवं सम्बन्धित स्थानीय तहले प्रमाणीत गरेको कागजात, एकाघर परिवारका सदस्यहरुको नाम तथा उमेर खुल्ने सम्बन्धित स्थानीय तहले प्रमाणीत गरेको कागजात, विगत ३० दिनसम्म नेपालमा नै बसोबास गरेको सम्बन्धित स्थानीय तहले प्रमाणित गरेको कागजात पेश गर्नुपर्ने छ।

बीमा लेखअन्तर्गत रु एक लाख र रु ५० हजार गरी दुई प्रकारको बीमाङ्क कायम गरिएको छ। एक लाख बीमाङ्क कायम भएको बीमालेखका लागि प्रतिव्यक्ति रु एक हजार र ५० हजारको बीमाङ्कका लागि प्रतिव्यक्ति रु ५०० बीमा शुल्क कायम गरिएको छ। परिवारका सम्पूर्ण सदस्यहरुको सामूहिक बीमा गरिएको खण्डमा रु एक लाखको बीमाङ्कका लागि प्रतिव्यक्ति रु ६०० र रु ५० हजारको बीमाङ्कका लागि प्रतिव्यक्ति रु ३०० बीमा शुल्क लाग्ने छ।

परिवारको सामूहिक बीमा गर्दा रु एक लाखको बीमाङ्कका लागि प्रतिव्यक्ति ३०० र रु ५० हजारको बीमाङ्कका लागि प्रतिव्यक्ति रु १५० सरकारबाट अनुदान उपलब्ध हुने छ। कोरोना बीमालेख खरिद गरेको १५ दिनपछि नेपाल सरकार स्वास्थ्य मन्त्रालयअन्तर्गतका निकायबाट पिसिआर परीक्षण गर्दा कोरोना भाइरस सङ्क्रमण भएको पाइएमा बीमालेखबमोजिमको रकम भुक्तानी हुने बीमा समितिले जनाएको छ। त्यसको लागि बीमालेख दाबी गरेको ७ दिनभित्र बीमितलाई दाबी भुक्तानी हुने व्यवस्था पनि समितिले गरेको छ।

दाबी भुक्तानी नहुँदै बीमितको मृत्यु भएमा बीमितले इच्छाएको व्यक्ति वा कानूनी हकवालालाई भुक्तानी गर्ने व्यवस्था गरिएको छ। बीमकले सामूहिक बीमा गर्दा उल्लेखित प्रक्रिया र मापदण्ड विपरीत गरेको पाइए बीमाशुल्क अनुदान स्वरुप उपलब्ध नहुने पनि समितिले स्पष्ट पारेको छ। तर त्यस्तो बीमितको कोरोना सङ्क्रमण भएको पाइएमा बीमालेख विक्री गर्ने बीमा कम्पनीको वासलातबाट दाबी भुक्तानी दिन सम्बन्धित बीमकलाई समितिले निर्देशन दिन सक्नेछ।

# प्रदेश नं २ का एकपछि अर्को जिल्लामा निषेधाज्ञा घोषणा

महोत्तरी, २१ साउन (रासस)।

लकडाउन हटेर आवागमन खुकुलिँदै जाँदा प्रदेश नं २ मा कोभिड-१९ सङ्क्रमण जोखिम झनै बढेको छ। लकडाउन हटेको साउन ७ गतेयता हालसम्म ७८१ नयाँ सङ्क्रमित थपिएका छन्। साउन ६ गतेसम्म कूल सङ्क्रमित रहेका चार हजार २६४ सङ्ख्या बुधबार पाँच हजार ४५ पुगेको प्रदेश नं २ सामाजिक विकास मन्त्रालयले जनाएको हो। प्रदेशमा हालसम्म यो व्याधिले १९ जनाको ज्यान लिइसकेको छ।

साउन ७ गतेयता सङ्क्रमण झन् बढेपछि प्रदेश नं २ मा एकपछि अर्को जिल्ला र नगरमा खुला आवागमन रोक्न सम्बन्धित जिल्ला प्रशासन कार्यालयले निषेधाज्ञा (कर्फ्यू) जारी गर्दैछन्। प्रदेशको अस्थायी राजधानी जनकपुरधाममा सोमबार मध्यरातदेखि नै सात दिनको निषेधाज्ञा लागू छ। त्यसैगरी वीरगञ्ज महानगरमा मात्र रहेको निषेधाज्ञालाई पर्सा जिल्ला प्रशासन कार्यालयले मङ्गलबारदेखि जिल्लाभरमै लागू गरेको छ। पूर्वको सप्तरी जिल्लाको राजविराज र महोत्तरीको जलेश्वर नगरमा तीन दिनपूर्व नै निषेधाज्ञा जारी छ भने सर्लाही जिल्ला प्रशासनले बुधबारदेखि लागू हुने गरी सात दिनको निषेधाज्ञा आदेश जारी गरेको छ।

लकडाउन हटेसँगै सबैतिर भीडभाड बढेको, शारीरिक ( भौतिक दूरी) को ख्याल नगरिएको, मास्क नलगाई हिँडडुल गर्ने क्रम बढेको र भारतसँगको खुलासीमाबाट दोहोरो आवतजावत निकै बढेपछि महामारी सङ्क्रमण र थप जोखिम बढेको विज्ञ बताउँछन्। प्रदेशमा लकडाउन हटेयता महोत्तरी, पर्सा, सप्तरी र धनुषा बढी सङ्क्रमण जोखिममा देखिएका छन्।

यसैबीच प्रदेश नं २ सरकारले कोभिड-१९ सङ्क्रमण बढ्न नदिन आवश्यकतानुसार प्रभावित जिल्ला र त्यसभित्रका खास क्षेत्रमा लकडाउन लगाउने, भारतसँगको सीमाक्षेत्रमा आवागमन कडाइ गर्ने, पिसीआर जाँच बढाउने र उपचार प्रबन्ध व्यवस्थित गर्न स्वास्थ्य उपकरण बढाउने रणनीति तय गरेको प्रदेशका आन्तरिक मामिला तथा कानूनमन्त्री ज्ञानेन्द्रकुमार यादवले बताउनुभएको छ। यस क्रममा प्रादेशिक अस्पतालमा पिसीआर मेशिन थप गर्ने, प्रदेशका अस्पतालमा थप ५० भेन्टिलेटर बढाउने र ५०० शचयाको आइसोलेसन अस्पताल थप्ने निर्णय गरिएको मन्त्री यादवको भनाइ छ। अब पिसीआर जाँच बढाउँदै दैनिक एक हजार स्वाब परीक्षण गरिने गरी प्रादेशिक अस्पतालको क्षमता पुऱ्याइने मन्त्री यादवले बताउनुभएको छ।

प्रदेशमा सबैभन्दा बढी रौतहटमा हालसम्म एक हजार २५९ मा सङ्क्रमण पुष्टि भएको छ। यद्यपि लकडाउन हटेयता त्यहाँ सङ्क्रमण दर घटेको सामाजिक विकास मन्त्रालयका सचिव रामप्रसाद घिमिरेले बताउनुभयो। रौतहटमा लकडाउन हटेयता पाँच जनामात्र सङ्क्रमित बढेका छन्। पछिल्लोपटक लकडाउन हटेको साउन ७ देखि २० गतेबीचको १४ दिनमा पर्सा जिल्लाको सङ्क्रमण निकै बढेको छ। त्यहाँ यस अवधिमै ३९८ नयाँ सङ्क्रमित थपिएका छन्। त्यसैगरी यसै अवधिमा सप्तरीमा १३६, धनुषामा १२७ र महोत्तरीमा ८७ नयाँ सङ्क्रमित थपिएको मन्त्रालयको अभिलेखले देखाएको छ। तथ्याङ्कानुसार अहिलेसम्म महोत्तरीमा ८३८, धनुषामा ७४१, सर्लाहीमा ७१२, पर्सामा ५७५, सप्तरीमा ५२२, सिरहामा २१५ र बारामा १७८ सङ्क्रमण पुष्टि भएको छ। लकडाउन हटेयताको अवधिमा कम सङ्क्रमण देखिएका जिल्लामा रौतहटका अतिरिक्त सर्लाही, सिरहा र बारा छन्। यस अवधिमा सर्लाहीमा पाँच, सिरहामा आठ र बारामा १५ मा सङ्क्रमण पुष्टि भएको छ।

प्रदेशभित्र हालसम्म ( मङ्गलबारसम्म) ६२ हजार २८८ जनाको स्वाब परीक्षण गरिएको छ। यसमा ५४ हजार ७०५ को जाँच नतिजा नेगेटिभ छ। प्रयोगशालाबाट नतिजा आउन बाँकी दुई हजार ५३८ छन्। प्रदेशमा उपचारपछि निको भएर घर फर्कनेको सङ्ख्या तीन हजार २११ पुगेको छ। अहिले दुई हजार २३७ आइसोलेसन शचया छन्। यिनमा ६८० जनाको उपचार हुँदैछ। तीमध्ये ३६१ गम्भीर प्रकृतिका रहेका जनाइएको छ।

लकडाउन अवधिमै पनि प्रदेशमा सुरक्षा सतर्कता अत्यन्त कमजोर स्थितिमा रहेको र पछिल्लो चरणमा लकडाउन हटेपछि झनै जताततै भीडभाड बढेको छ। सीमाक्षेत्रमा दोहोरो आउजाउ बढेको र हिँडडुलमा लापरवाही बढेपछि सङ्क्रमण जोखिम बढेको स्वास्थ्यकर्मी बताउँछन्। खासमा शारीरिक (भौतिक) दूरीको निर्वाह नगरिँदा, मास्कको प्रयोग नहुँदा, बजारहाटमा भीडभाड बढ्दै जाँदा र सीमाक्षेत्र वारपारको बाक्लो ओहोरदोहोर बढ्दा सङ्क्रमण जोखिम बढेको स्वास्थ्यकर्मीको भनाइ छ।

# अत्यावश्यक कामबाहेक सिंहदरबार प्रवेशमा रोक

काठमाडौँ, २१ साउन (रासस)।

कोभिड-१९ को सङ्क्रमण बढ्दै गएपछि मुलुकको प्रमुख प्रशासनिक केन्द्र सिंहदरबार प्रवेशमा रोक लगाइएको छ। गृहमन्त्रालयका अनुसार अत्यावश्यक कामबाहेकका व्यक्तिलाई प्रवेशमा कडाइ गरिएको हो।

मन्त्रालयका प्रवक्ता चक्रबहादुर बुढाले भन्नुभयो, "अत्यावश्यक कामका लागि आवश्यक सुरक्षा मापदण्ड अपनाएर जाँदा प्रवेशमा कुनै समस्या छैनतर सामान्यरुपमा भेटघाट, गफगाफका लागि भने ध्यान दिनै पर्छ, त्यसमा रोक लगाएको हो।" जोखिम नबढोस् भनेर ध्यान दिनुपर्ने भएकाले अत्यावश्यक कामबाहेकका लागि उक्त व्यवस्था लागू गरिएको उहाँले जानकारी दिनुभयो। भित्रबाट पास पठाएर प्रवेश अनुमति दिने कार्यमा पनि तत्कालका लागि रोक लगाइएको छ।

अहिलेको जटिल परिस्थितिमा नागरिक आफैँले पनि सुरक्षा सावधानी अपनाउन र अत्यावश्यक काम नपरी बाहिर ननिस्किन तथा सिंहदरबार नआउनसमेत उहाँले अनुरोध गर्नुभएको छ। प्रेस पास भएका पत्रकारलाई कुनै रोक नलगाइएको उहाँले प्रष्ट पार्नुभयो। पछिल्लो समयमा काठमाडौँ उपत्यकामा कोभिड-१९ को सङ्क्रमण बढिरहेको छ। मङ्गलबार मात्रै उपत्यकामा ६२ जनामा कोभिड-१९ देखिएको छ।

सङ्क्रमण बढेपछि उपत्यका प्रवेशमा थप कडाइ गरिएको र स्वास्थ्य मापदण्ड लागू नगर्ने व्यक्ति वा व्यावसायिक प्रतिष्ठानलाई कारवाही गर्न थालिएको काठमाडौँका प्रमुख जिल्ला अधिकारी जनकराज दाहालले जानकारी दिनुभयो। उहाँले अटेर गर्नेलाई कैद सजाय गर्ने चेतावनीसमेत दिनुभएको छ।


## कोरोना भाइरस उपचार कोषमा रकम जम्मा गर्न आह्वान गरिएको सूचना

**विश्वब्यापी महामारीको रुपमा फैलिएको कोरोना भाइरस (कोभिड १९) रोगको संक्रमणलाई फैलिन नदिन तथा सोको रोकथाम एवं नियन्त्रणका लागि देहायको बैंकमा "कोरोना भाइरस संक्रमण रोकथाम, नियन्त्रण तथा उपचार कोष" खाता खोलिएको हुँदा इच्छुक ब्यक्ति तथा संघ-संस्थाहरुले सो खातामा रकम जम्मा गरी सहयोग गरिदिन हुन आह्वान गरिएको ब्यहोरा सम्बन्धित सबैको जानकारीका लागि अनुरोध छ।**

**बैंकको नाम : राष्ट्रिय बाणिज्य बैंक**

**शाखा : सिंहदरबार परिसर**

**खाताको नाम : कोरोना भाइरस संक्रमणको रोकथाम, नियन्त्रण तथा उपचार कोष**

**खाना नं.: १९६०००००११०१**

**नेपाल सरकार**
**सञ्चार तथा सूचना प्रविधि मन्त्रालय**
**सूचना तथा प्रसारण विभाग**


## विश्व समाचार

# लेबनानमा एक सयभन्दा बढीको मृत्यु, चार हजारभन्दा बढी घाइते

बेरुत, २१ साउन (रासस/एएफपी/एएनआई)।

लेबनानको राजधानी बेरुतको प्रमुख बन्दरगाहमा मङ्गलबार शक्तिशाली विस्फोट भएको छ। सो विस्फोटनमा परी एक सयभन्दा बढीको ज्यान गएको छ। करिब दुई हजार ७५० टन 'एमोनियम नाइट्रेट' नामक रासायनिक पदार्थ भण्डारण गरेको एक गोदाम घरमा भएको यस विस्फोटमा परी चार हजारभन्दा बढी घाइते भएका छन्।

यस गोदाममा सन् २०१४ मा एक कार्गो जहाजबाट बरामद गरिएको 'एमोनियम नाइट्रेट' भण्डारण गरिएको थियो। सो विस्फोट निकै टाढासम्म सुनिएको यहाँका स्थानीयवासीले जनाएका छन्। अहिले पनि सो विस्फोटपछि धुवाँ उडेका तस्बिर यहाँका सञ्चारमाध्यमले दिइरहेका छन्।

ती तस्बिर हेर्दा अवस्था निकै क्षतविक्षत देखिएको छ। विस्फोटपछिका अनलाइनमा राखिएका भिडिओमा धुवाँको विशाल मुस्लो देखिएको छ र यहाँ धेरै क्षति भएका भौतिक संरचनाको अवस्था पनि देखिएको छ। त्यस गोदाममा कुनै बाह्य आक्रमण भएका कारण यो विस्फोट भयो कि आफैं विस्फोट हुन पुगेको हो भन्ने कारण पत्ता लगाउन अनुसन्धान शुरु गरिएको छ।

लेबनानका गृहमन्त्री मोहम्मद फाहमीले सो गोदाममा राखिएको एमोनियम नाइट्रेट राखिएकाले त्यो विस्फोट शक्तिशाली हुन पुगेको र यसले ठूलो क्षति पुऱ्याएको बताउनुभएको छ। लेबनानका प्रधानमन्त्री हासान डीयाबले यस विस्फोटलाई देशको ठूलो विपत्ति हो भन्नुभएको थियो। उहाँले यस विषयको अनुसन्धान शुरु भइसकेको र दोषीलाई जबाफदेही बनाइनुपर्ने बताउनुभएको छ।

उहाँले एक टेलिभिजनमा सम्बोधन गर्दै यस घटनामा संलग्नलाई कडा कारबाही गरिने छ र उनीहरुलाई उम्किन दिइने छैन भन्नुभएको छ। गोदाममा राखिएको एमोनियम नाइट्रेटको अवस्था बारेमा जाँचबुझ गरी पाँच महिना अघि नै लेबनान सरकारलाई प्रतिबेदन बुझाइएको पनि सञ्चारमाध्यमले जनाएका छन्। प्रतिबेदनमा एमोनियम नाइट्रेटको भण्डारमा सुरक्षा सतर्कता अति जरुरी रहेको औंल्याइएको थियो।

# कोरोना भाइरस सङ्क्रमणबाट मृत्यु हुनेको संख्या सात लाख नाघ्यो

जेनेभा, स्वीट्जरल्याण्ड, २१ साउन (रासस/एएफपी)।

विश्वमा कोरोना भाइरस सङ्क्रमणको कारण सात लाख चार हजार ४३८ व्यक्तिको मृत्यु भएको विश्व स्वास्थ्य संगठन (डब्लुएचओ)ले बुधबार जानकारी दिएको छ। सो संगठनकाअनुसार बुधबारसम्म विश्वभरीमा एक करोड ८७ लाख नौ हजार १६१ जना व्यक्ति कोरोना सङ्क्रमित भएका छन्।

सङ्क्रमितमध्ये हालसम्म एक करोड १९ लाख २६ हजार २२४ व्यक्ति कोरोना मुक्त भएका छन्। विश्वभरमा ६० लाख ७८ हजार ४९९ व्यक्ति कोरोना भाइरस सङ्क्रमित रहेका उनीहरुको उपचार भइरहेको छ। सङ्क्रमितमध्ये ६५ हजार ३३६ जनाको अवस्था गम्भीर रहेको जनाइएको छ।

चीनको हुबे प्रान्तको वुहान शहरबाट गत वर्षको डिसेम्बरको अन्त्यबाट शुरु भएको कोरोना भाइरस सङ्क्रमणको कारण अमेरिका सबैभन्दा बढी प्रभावित भएको छ। डब्लुएचओकाअनुसार संयुक्त राज्य अमेरिकामा मात्र ४९ लाख १८ हजार ४२० जनामा कोरोना भाइरसका सङ्क्रमित रहेका छन्। यस प्रकोपका कारण अमेरिकामा एक लाख ६० हजार २०९ व्यक्तिको मृत्यु भइसकेको बताइएको छ।

दक्षिण अमेरिकामा ४३ लाख ६९ हजार ८४५ जना कोरोना भाइरस सङ्क्रमति रहेका छन्। यहाँ एक लाख ५० हजार ६४७ जनाको मृत्यु भएको छ। उत्तर अमेरिकामा ५७ लाख ८२ हजार ४९९ जना कोरोना भाइरस सङ्क्रमति रहेका छन्। यहाँ दुई लाख २५ हजार ४५० जनाको मृत्यु भएको छ। युरोपमा २९ लाख ४३ हजार ५३२ जना कोरोना भाइरस सङ्क्रमित रहेका छन् भने दुई लाख चार हजार ४७२ को मृत्यु भएको छ।

एसिया ४६ लाख आठ हजार ८०९ जनामा कोरोना भाइरस सङ्क्रमण रहेको छ भने एक लाख दुई हजार ४३९ जनाको मृत्यु भएको छ। अफ्रिकामा नौ लाख ८२ हजार २१९ जनामा कोरोना भाइरस सङ्क्रमण रहेको छ भने २१ हजार १४३ जनाको मृत्यु भएको छ। ओसियानामा २१ हजार २४० जनामा कोरोना भाइरस सङ्क्रमण रहेको छ भने २७२ जनाको मृत्यु भएको छ।

# भारतमा कोभिड-१९ सङ्क्रमितको संख्या १९ लाख नाघ्यो

नयाँदिल्ली, २१ साउन (रासस/सिन्ह्वा)।

भारतमा 'कोभिड १९' सङ्क्रमितको सङ्ख्या १९ लाख नाघेको बुधबार जनाइएको छ। गत २४ घण्टामा भारतका ५२ हजार ५०९ जनामा कोरोना भाइरस पोजेटिभ देखिएपछि कुल सङ्क्रमितको संख्या १९ लाख ८ हजार २५४ पुगेको त्यहाँको केंद्रिय स्वास्थ्य मन्त्रालयले बुधबार जानकारी दिएको छ।

भारतमा गत २४ घण्टामा कोरोना भाइरसको सङ्क्रमणका कारण ८५७ जनाको मृत्यु भएपछि कूल मृतकको सङ्ख्या ३९ हजार ७९५ जना पुगेको छ। सरकारी अधिकारीका अनुसार भारतमा कोरोना भाइरस सङ्क्रमितमध्ये बाह्र लाख ८२ हजार २१५ व्यक्ति निको भएर फर्किएका छन्। भारतमा मङ्गलबार कोरोना भाइरस निको हुने क्रम ६६.३० प्रतिशतले बढेको पाइएको छ। हाल भारतमा पाँच लाख ८६ हजार २४४ जना कोरोना भाइरस सङ्क्रमित अवस्थामा रहेका छन्।

भारतको महाराष्ट्र सबभन्दा प्रभावित बढी कोरोना भाइरस सङ्क्रमण राज्यका रुपमा रहेको छ। कोरोना भाइरस प्रभावित भारतको दोस्रो राज्य तमिलनाडू र तेस्रोमा राजधानी शहरसमेत रहेको दिल्ली राज्य रहेको छ।

# चौध जिल्लाका विभिन्न क्षेत्रमा निषेधाज्ञा

काठमाडौँ, २१ साउन (रासस)।

नेपालमा फैलँदै गएको कोरोना महामारी नियन्त्रणका लागि देशभरका १४ जिल्लाका विभिन्न क्षेत्रमा निषेधाज्ञा जारी गरिएको छ। सरकारले देशमा कोरोना सङ्क्रमण बढ्दै गएको अवस्थामा कोरोनाको अवस्थालाई हेरेर बन्दाबन्दी गर्ने वा खोल्ने अधिकार सम्बन्धित जिल्ला र स्थानीय तहलाई दिएसँगै १४ जिल्लाका विभिन्न क्षेत्रमा निषेधाज्ञा जारी गरिएको हो।

गृह मन्त्रालयका अनुसार सप्तरी, धनुषा, नुवाकोट, बाँके, मोरङ, पर्सा, बारा, महोत्तरी, झापा, सुनसरी, बझाङ, दार्चुला, सर्लाही र स्याङ्जामा निषेधाज्ञा जारी गरिएको छ। सप्तरी, बाँके, पर्सा, बारा, सर्लाही र स्याङ्जा जिल्लाभर निषेधाज्ञा जारी गरिएको छ भने पर्सा, बारा र सर्लाहीमा अनिश्चितकालीन निषेधाज्ञा गरिएको छ। यस्तै सप्तरीमा साउन २६, बाँकेमा साउन २४ र स्याङ्जामा साउन २३ गतेसम्म निषेधाज्ञा जारी गरिएको छ।

दार्चुलाको मार्मा गाउँपालिका, झापाको बिर्तामोड र अर्जुनधारा नगरपालिका, मोरङको विराटनगर महानगरपालिका, सुनसरीको बराह क्षेत्र नगरपालिकाको वडा नम्बर ६, ७ र ८, महोत्तरीको जलेश्वर नगरपालिका र महोत्तरी गाउँपालिका, धनुषाको जनकपुरधाम उपमहानगरपालिका र क्षीरेश्वरनाथ नगरपालिका, नुवाकोटको सदरमुकाम क्षेत्र, बझाङको थलारा गाउँपालिका-५ र केदारस्यू गाउँपालिका ६ र ७ मा निषेधाज्ञा जारी गरिएको गृह मन्त्रालयले जनाएको छ।

### *सिरहामा एक ...*

दर्ता भएको छ। या सङ्ख्या आर्थिक वर्ष २०७५/७६ मा दर्ता भएको भन्दा कम हो। योसँगै सिरहामा उत्पादन उद्योग एक हजार ४२६ वटा, कृषि तथा वनजन्य उद्योग एक हजार ६४८ र सेवा उद्योग तीन हजार ६३३ गरी घरेलु तथा साना उद्योगको सङ्ख्या छ हजार ५५७ पुगेको घरेलु तथा साना उद्योग कार्यालय सिरहाका प्रमुख दिपेन्द्रकुमार यादवले जानकारी दिनुभयो। नयाँ उद्योग दर्ताबाट रु ४० लाख २९ हजार १०० राजस्व सङ्कलन भएको छ।

गत आव २०७५/७६ मा एक हजार ४९१ घरेलु तथा साना उद्योग उद्योग दर्ता भएको थियो। यसमध्ये उत्पादनमूलक उद्योग १९१ वटा, सेवामूलक उद्योग ७४० वटा र कृषि तथा वनजन्य उद्योग ५५८ गरी एक हजार ४९१ वटा नयाँ दर्ता भएको थियो। बैंक तथा वित्तीय संस्थाले घरेलु तथा साना उद्योगमा सहजरुपले ऋण लगानी गर्न थालेकाले कृषि तथा वनजन्य उद्योग खुल्ने क्रम बढेसँगै सिरहामा घरेलु तथा साना उद्योग दर्ता गराउने क्रममा वृद्धि भएको प्रमुख यादवको भनाइ छ।

# कोरोनाको जोखीम बढ्न थालेपछि सप्तरीमा निषेधाज्ञा बिस्तार

**दैनिक समाचारदाता**
**राजविराज, २१ साउन।**

साउन ८ गते राजविराज नगरपालिकाले नगर क्षेत्रमा लकडाउन तथा जिल्ला प्रशासन कार्यालयले त्यसको भोली पल्टैदेखी निषेधाज्ञा जारि गरेपनि बिना माक्स हिडडुल गर्ने, सामाजिक दुरी कायम नगर्ने तथा पसलहरु खोल्ने लगायतका गतिबिधी बढ्दै गई दैनिक संक्रमित थपिदै गएपछि मंगलबारदेखी थप कडाई गरिएको हो।

कोरोना संक्रमित तिब्र रुपमा बढ्दै गएको भन्दै लकडाउन र निषेधाज्ञा एकसाथ जारि हुँदा पनि मानिसको हिडडुलमा कमी नआएपछि सप्तरी प्रशासनले मंगलबारेदखी सो कडाई गर्न थालेको हो।

यसअघि राजजिराज नगरक्षेत्रमा मात्र निषेधाज्ञा जारि गरिएकोमा मंगलबारदेखी जिल्लाभरी एकसाताका लागि निषेधाज्ञा बिस्तार गरेर प्रशासनले कडान कदम चालेको छ। यस क्रममा जिल्लाका प्रमुख बजारमा ठूलो संख्यामा सुरक्षाकर्मी परिचालन गर्नुका साथै म्याकिङ्ग मार्फत समेत सर्वसाधारणलाई घरमै बस्न सचेत गराउन थालिएको छ।

भारतबाट आएर घरमा बसेका राजविराज ६ निवासी एक ७३ वर्षिय एक व्यापारीको असार ३१ गते कोरोना संक्तमणबाट मृत्यु भएको थियो। उनका सम्पर्कमा आएका मानिस तथा छिमेकमा समेत कोरोना संक्रमण व्यापक हुन थालेपछि नगरमा लकडाउन र निषेधाज्ञा जारि गरिएको थियो। तर, नगर हुँदै जिल्लाका अन्य स्थानिय तहहरुमा समेत कोरोना संक्रमण तिब्र रुपमा फैलिएपछि जिल्लाभर निषेधाज्ञा जारि गरिएको प्रमुख जिल्ला अधिकारी शंकरहरि आचार्यको भनाई छ। सप्तरीमा हालसम्ममा संक्रमितको संख्या ५ सय ३१ पुगेको छ।


# सूचना

**नोभल कोरोना भाईरस (कोभिड१९) रोगको संक्रमणबाट बच्न अत्यावश्यक कामबाहेक सीमावर्ती क्षेत्रमा आवतजावत नगर्नु हुन सम्पूर्ण नेपाली नागरिकहरुलाई सूचित गरिन्छ।**

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

# सूचना

**हाल कोरोना भाइरस महामारीको कारण बन्दाबन्दीको समयमा सञ्चारक्षेत्रमा संलग्न बाहेकका ब्यक्तिहरुले सञ्चार क्षेत्रको हवाला दिंदै सञ्चारमाध्यम तथा सामाजिक सञ्जालमा अफवाहपूर्ण विषय सम्प्रेषण गर्ने, अनधिकृत रुपमा परिचय-पत्र, पोशाक सवारी साधनको प्रयोग गर्ने र सामाजिक मर्यादा विपरितका क्रियाकलाप गरेको गुनासो आएको हुँदा कोहि कसैले पनि गैर कानूनी क्रियाकलाप नगर्नु हुन अनुरोध छ। यदि यस्तो भएको पाईएमा कानूनबमोजिम कारबाही हुने ब्यहोरा सूचित गरिन्छ।**

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

# हमरा सभकऽ जिम्मेवारी : कोरोना भाइरस संक्रमण रोकेय लेल अपनाबु होशीयारी

- कोराना भाइरस रोग स्वाँस प्रश्वाँस माध्यमसँ फैलऽवाला संक्रमण अछि।
- संक्रमित भेल ब्यक्तिसँ खोकला आऽ छिँकलासँ निकलैवाला थुक आऽ पोटाकऽ माध्यमसँ यी भाइरस एक ब्यक्ती सँ दोसर ब्यक्तिमे फैलइ अछि।

**यी रोगसँ बचबाक लेल की करैय परतई ?**

- खोकैत आऽ छिँकैत काल नाक, मुख झापु आऽ प्रयोग क्यालगेल टिसूपेपरकऽ तुरन्त कुडा फेकेवाला कुडादानीमे फेकू।
- समय-समयमे साबुन पाइनसँ निकसँ मैलमैलकऽ २० सेकेण्डधरि हात धोबु। आऽ सनिटाइजर हातमे लगाबु। ककरोसँ भेटैछी त हात नहिं मिलाबु। खाली नमस्कार आऽ प्रणाम केल करू।
- खोकी लागल आदमीसँ दुरी बनाकऽ रहु। आऽ अगर अपनहूके खोकी लागल अछि त दोसर आदमीसँ दुर रहु। भीडभाडमे नहिं जाउ आऽ दोसरो लोग सभके भीडभाडमे नहिं जाउ से कहिके बुझाबु।
- आवश्यकता पडलापर मास्कके उचीत प्रयोग करू।

**आरो ध्यान देववाला बात :**

- बुखार लगलापड, खोकी भेलापड आऽ साँस लेलापर दिकत भेलापर जल्दिसँ लगके स्वास्थ्य संस्थामे सम्पर्क करू।
- कोरोना भाइरस रोगके बारेमे बेसी जानकारीके लेल पैसा नहिं लागैवाला टेलीफोन नम्बर १११५ मे फोन कऽ सकैछी।
- डेराऊ नहिं, सतर्क रहू।

आनुरोधकर्ता - **प्रेम कुमार यादव**
**अध्यक्ष**
**राजविराज नगरपालिका वडा नं. ६**

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस्। हाम्रा सेवाहरु →

**नेपाल सहकारी संस्था लि.**
राजविराज ४, फोन नं. ०३१-५२१०९६

ipay remit
City Express Money Transfer — Money Transfer Made Easy
Best Remit — Quick & Easy
Prabhu Money Transfer — प्रभुको इच्छा — रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम
IME — International Money Express
himal remit — हिमालरेमिट — HBL Himalayan Bank Ltd — BATAS
CG Money — CHAUDHARY GROUP initiative — CG money easy छ


**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*